

# मद्यपान गरेर गाडी चलाएको सम्बन्धि आरोपहरूलाई बुझ्नु

एनएसडब्ल्यू-मा मद्यपान गरेर गाडी चलाएको सम्बन्धि कानूनहरू र तपाईंलाई जरिवाना गरिएको सूचना प्राप्त हुँदा वा मद्यपान गरेर गाडी चलाए बापत अदालतमा जानु पर्ने हुँदा के गर्ने भनेर जान्नको लागि यो पढ्नुहोस्।

## एनएसडब्ल्यू-मा मद्यपान र गाडी चलाउने

मद्यपान गरेर गाडी चलाउनु अपराध हुन सक्छ।

प्रहरीले तपाईंको शरीरमा मद्यपानको मात्रा जाँच्नको लागि सासको परीक्षण गर्न तपाईंलाई रोक्न सक्छ।

## मलाई के हुन सक्छ?

तपाईंको सवारी चालक अनुमति पत्र र मद्यपानको मात्राको आधारमा तपाईंलाईः

- $3,300 वा बढी जरिवाना हुन सक्छ, र तपाईंको सवारी चालक अनुमति पत्र सोझै **निलम्बित** हुन सक्छ
- गिरफ्तार गरेर प्रहरी थाना लैजान सकिन्छ
- तपाईंको कार जफत गर्न सकिन्छ
- अदालत जानु पर्ने हुन सक्छ
- आपराधिक अभिलेख बन्न सक्छ, र
- 12 महिनाको लागि झ्यालखानामा जानु पर्ने र तपाईंको सवारी चालक अनुमति पत्र लामो समयको लागि **अयोग्य घोषित** हुन सक्छ।

यदि तपाईं अस्थायी भिसाधारक हुनुहुन्छ र अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्रले गाडी चलाउदै हुनुहुन्छ भने तपाईंले आफ्नो गाडी चलाउने विशेषाधिकारहरू गुमाउन सक्नुहुन्छ। यसको अर्थ तपाईंले आफ्नो अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्रको प्रयोग गरेर अष्ट्रेलियामा कहीँपनि गाडी चलाउन सक्नुहुने छैन।

यदि तपाईं सासको परीक्षण गराउन इन्कार गर्नुहुन्छ भने तपाईंलाई गिरफ्तार गरिने छ र प्रहरी थानामा लगिने छ।

यदि तपाईंको परीक्षणको नतिजामा लागू पदार्थ सेवन गरेको देखियो वा अयोग्य घोषित भएपछि पनि वा वैध सवारी चालक अनुमति पत्र बिना गाडी चलाउदै हुनुहुन्छ भने अझ धेरै कडा दण्ड दिइने छ। थप जानकारीको लागि तथ्यपत्र **सवारी चालक अनुमति पत्र बिना गाडी चलाउने – अस्थायी भिसाधारकहरूका लागि जानकारी** हेर्नुहोस्।

## के मैले जरिवाना वा सवारी चालक अनुमति पत्र निलम्बनको प्रतिवाद गर्न सक्छु?

हाँ, तपाईं आफ्नो जरिवानाबारे अदालतद्वारा सुनुवाइको माग गर्न वा सवारी चालक अनुमति पत्र निलम्बनविरुद्ध अपील गर्न सक्नुहुन्छ।

अदालत जानुअघि कानूनी सल्लाह प्राप्त गर्नु धेरै महत्त्वपूर्ण छ।

## मद्यपान गरेर गाडी चलाएको आरोपबाट बच्ने सुझाव

- यदि तपाईंको लाइसेन्स शिक्षार्थी, पी1 वा पी2 वा अन्तर्राष्ट्रिय हो भने कानूनी रूपले मद्यपानको सीमा 0% (मद्यपानरहित) हो।
- कहिलेकाहिँ, मद्यपान गरेको भोलिपल्ट बिहानसम्म पनि तपाईंको शरीरमा मद्यपान रहन सक्छ। यदि तपाईंले राति धेरै मात्रामा मद्यपान गर्नुभएको थियो भने भोलिपल्ट गाडी चलाउने कुरामा होसियार हुनुहोस्।
- यदि तपाईंलाई प्रहरीद्वारा 'घटनास्थलमा' नै जरिवाना गरिन्छ (र तपाईं मद्यपान गरेर गाडी चलाएको कुरामा सहमत हुनुहुन्छ) भने तपाईंले जरिवाना तिर्नु पर्नेछ वा तोकिएको मितिभन्दा पहिले जरिवानाको फर्छ्यौट गर्ने व्यवस्था मिलाउनु पर्छ।
- यदि तपाईंको सवारी चालक अनुमति पत्र निलम्बित गरिएको छ भने गाडी नचलाउनुहोस्।

## अदालतमा जानु

यदि तपाईंविरुद्ध मद्यपान गरेर गाडी चलाएको आरोप लागेको छ र अदालतमा हाजिर हुने सूचना प्राप्त गर्नुभएको छ भने निम्न कदमहरु चाल्नुहोस्।.

1. **तपाईं अदालत जानुअघि वकिलसँग भेट्नुहोस्**
   तपाईंले अदालतमा हाजिरीको सूचना प्राप्त गर्नेबित्तिकै जतिसक्दो चाँडो LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू) लाई **1300 888 529** मा फोन गर्नुहोस्। उनीहरूले तपाईंलाई वकिल खोज्नमा मद्दत गर्न सक्छन्।

2. **यदि तपाईंलाई चाहिन्छ भने दोभाषेको माग गर्नुहोस्**
   अदालतको लागि दोभाषेको समय लिन अदालत सेवालाई **1300 679 272** मा फोन गर्नुहोस्। Legal Aid NSW (लिगल एड एनएसडब्ल्यू) को वकिलले पनि तपाईंको लागि अदालत र तपाईंको भेटघाटको समयको निम्ति एउटा दोभाषेको व्यवस्था गर्न सक्छ।



Legal Aid NEW SOUTH WALES

### 3. चरित्रसम्बन्धि सिफारिस प्राप्त गर्नुहोस्

तपाईंका परिचित एकजना व्यक्तिलाई तपाईंको राम्रो चरित्रबारे एउटा पत्र म्याजिस्ट्रेटको लागि लेख्न लगाउनुहोस्। यसले तपाईंको मामिलामा मद्दत गर्न सक्छ। उनीहरूले के लेख्नु पर्छ भन्ने जान्नको लागि Legal Aid NSW (लिगल एड एनएसडब्ल्यू) को प्रकाशन Character References (चरित्रसम्बन्धि सिफारिस) हेर्नुहोस्।

### 4. तपाईंले अदालतमा के भन्न चाहनुहुन्छ सो लेख्नुहोस्

वकिलले तपाईंलाई अदालतमा म्याजिस्ट्रेटसँग कुरा गर्न मद्दत गर्न सक्छन्। तपाईंले पनि के र किन भयो भनेर व्याख्या गर्दै पत्र लेख्न सक्नुहुन्छ वा अदालतमा पढ्न सक्नुहुन्छ जसमा निम्न समावेश गर्नुहोस् जस्तैः

- तपाईंले गाडी चलाउनुको कुनै विशेष कारण
- तपाईंले मद्यपान गरेपछि किन गाडी चलाउदै हुनुहुन्थ्यो
- तपाईंले गाडी चलाइरहँदा तपाईं कानूनी मद्यपानको सीमा अन्तर्गत हुनुहुन्थ्यो भन्ने विश्वास गर्नुभएको आधारहरु
- तपाईंलाई कामको लागि आफ्नो सवारी चालक अनुमति पत्र किन आवश्यक छ,
- यदि तपाईं मोफसलमा बस्नुभएको कारणले सार्वजनिक यातायातको प्रयोग गर्न गाह्रो छ
- यदि तपाईंले परिवारका सदस्यहरूको हेरचाह गर्न आवश्यक छ भने, र
- तपाईंको साप्ताहिक आय र खर्चहरू के-कति छन् (यसबाट अदालतले तपाईंलाई गरिने जरिवानाको आकलन गर्न उसलाई मद्दत गर्नेछ)।

### 5. Legal Aid NSW (लिगल एड एनएसडब्ल्यू) तथ्यपत्र 'तपाईं अदालतमा जाँदा के हुन्छ?' पढ्नुहोस्

यसले तपाईंलाई अदालतको लागि कसरी तयारी गर्ने, अदालतमा के हुन्छ र तपाईंलाई के-कस्तो सजाय हुन सक्छ भनेर बुझ्न मद्दत गर्नेछ।

## अदालत पछिको लागि सुझावहरू

- तपाईंलाई गरिएको जरिवाना 28 दिनभित्र तिर्नुहोस्। यदि तिर्न सक्नुहुन्न भने तपाईंसँग विकल्पहरू छन्। तपाईंले अदालत छोड्नुअघि भुक्तानी योजना बनाउने बारेमा अदालतको कर्मचारीसँग कुराकानी गर्नुहोस्।
- यदि अदालतले तपाईंलाई गाडी चलाउन अयोग्य घोषित गरेको निर्णय गर्छ भने तपाईंले आफ्नो सवारी चालक अनुमति पत्र अदालतको रजिष्ट्रीमा बुझाउनु जरुरी छ। **अयोग्य घोषित गरिएको स्थितिमा गाडी नचलाउनुहोस्।**
- तपाईंलाई अयोग्य घोषित गरिएको अवधि समाप्त भएपछि तपाईंले आफ्नो सवारी चालक अनुमति पत्रको लागि पुनरावेदन गर्नु जरुरी छ। तपाईंले स्वतः त्यो फिर्ता पाउनुहुने छैन। तपाईंले सर्भिस एनएसडब्ल्यू-लाई **13 77 88** मा फोन गरेर वा उनीहरूको वेबसाइट www.service.nsw.gov.au/transaction/apply-for-a-licence-to-be-reissued-after-an-enforcement-action बाट थप जानकारी प्राप्त गर्न सक्नुहुन्छ।

## के मैले अदालतको निर्णयविरुद्ध अपील गर्न सक्छु?

यदि म्याजिस्ट्रेटको निर्णयबाट तपाईं खुसी हुनुहुन्न भने तपाईंले जिल्ला अदालतमा अपील गर्न सक्नुहुन्छ, तर यसो गर्नुअघि तपाईंले कानूनी सल्लाह लिनु पर्दछ। तपाईंले आफ्नो अपिल दायर गर्न म्याजिस्ट्रेटको निर्णयको मितिदेखि 28 दिनको समय पाउनुहुन्छ।

## के यसले मेरो भिसा वा निवासको लागि मेरो आवेदनलाई असर गर्छ?

अधिकांश यातायात सम्बन्धि अपराधहरूले तपाईंको भिसालाई असर गर्दैन। यदि तपाईं झ्यालखाना जानुभयो वा आपराधिक अभिलेख बन्यो भने यसले असर गर्न सक्छ। वकिलसँग कुरा गर्नुहोस्। भिसा निलम्बनको बारेमा निःशुल्क कानूनी सहायताको निम्ति Law Access NSW (ल एक्सेस एनएसडब्ल्यू) लाई **1300 888 529** मा फोन गर्नुहोस्। तपाईंले निःशुल्क दोभाषे पाउन सक्नुहुन्छ।

### मामला अध्ययन

फेटु (Fetu) प्यासिफिक अष्ट्रेलिया लेबर मोबिलिटी (PALM) योजनामा अस्थायी रोजगार भिसामा छन्, र एनएसडब्ल्यू-को एउटा फार्ममा काम गर्छन्। फेटु (Fetu) आफ्ना केही साथीहरूसँग पबमा केही मद्यपान गरेपछि गाडी चलाएर कार्य शिविरमा फर्कन्छन्। प्रहरीले उनको कारलाई रोक्छ र उनको सासमा मद्यपानको परीक्षण गर्छ। फेटुको रगतमा मद्यपानको 0.09 को मात्रा भेटाइन्छ जुन गाडी चलाउन दिइएको अनुमति सीमाभन्दा धेरै हो। उनले अदालतमा हाजिर हुने सूचना पाउँछन् र दोष स्वीकार गर्छन्। अदालतले उनलाई $2,200 जरिवाना गर्छ र उनको सवारी चालक अनुमति पत्र तीन महिनाको लागि अयोग्य घोषित गर्छ।

अदालतपछि, फेटु (Fetu)-ले भुक्तानी योजना बनाउनको लागि राजस्व एनएसडब्ल्यूलाई सम्पर्क गर्छन् र हरेक महिना जरिवाना तिर्न थाल्छन्। तीन महिना पूरा भएपछि उनले आफ्नो सवारी चालक अनुमति पत्र फेरि प्राप्त गर्नको लागि सर्भिस एनएसडब्ल्यू-मा आवेदन गर्छन्।

यदि फेटु (Fetu)-ले उनको सवारी चालक अनुमति पत्र अयोग्य भएको अवधिमा गाडी चलाउँछन् भने उनले झ्यालखाना जानु पर्ने र त्यसभन्दा धेरै जरिवाना तिर्नु पर्ने हुन्छ। यसबाट उसको भिसामा पनि असर पर्न सक्छ।

## मैले कहाँबाट कानूनी सहायता प्राप्त गर्न सक्छु?

### LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू)

LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू) Legal Aid NSW (लिगल एड एनएसडब्ल्यू) द्वारा सञ्चालित निःशुल्क जानकारी सेवा हो। एनएसडब्ल्यू-मा कानूनी समस्या भएको कुनैपनि व्यक्तिले कानूनी सहायताको लागि LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू) लाई सम्पर्क गर्न सक्छन्।

LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू) ले तपाईंलाई वकिल, सामुदायिक कानूनी सेवा वा अन्य सेवाहरूसँग सम्पर्क गराउन सक्छ।

www.legalaid.nsw.gov.au मा च्याट विथ अस (Chat with us) बटनमा क्लिक गर्नुहोस् वा सोमवारदेखि शुक्रवार, बिहान 9 बजे देखि साँझ 5 बजे बिच (सार्वजनिक बिदाहरूबाहेक) **1300 888 529** मा फोन गर्नुहोस्।



Legal Aid NEW SOUTH WALES